नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## शुभकामना सन्देश

"Rights.Justice.Action.For All Women and Girls" भन्ने नाराका साथ विश्वभर मनाउन लागिएको अन्तर्राष्ट्रिय महिला दिवस, २०२६ को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु। विश्व महिला अधिकारको अभियान प्रारम्भ भएको दिन सन् १९१० मार्च ८ देखि हरेक वर्ष आजको दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउन शुरु गरिएको हो।

लैङ्गिक समानता हासिल गर्न महिला तथा बालिकाको सुरक्षा र सामाजिक संरक्षणको पूर्ण प्रत्याभूतिका साथै सभ्य र न्यायपूर्ण समाज निर्माण गर्दै महिलाको भूमिकाको सम्मान हुन आवश्यक छ । मर्यादित र उत्पादनशील रोजगारीका अवसरहरुमा महिलाको समान पहुँच, पहिचान र अवसर सुनिश्चित गरेमा मात्र आर्थिक सशक्तीकरण सम्भव हुन्छ । महिलाको समग्र उन्नति र प्रगतिवाट देशको विकास गर्न सकिने हुँदा राज्यले महिला माथि लगानीलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने जरुरी देखिन्छ । यी विषयलाई मध्यनजर गर्दै यस वर्ष "सवै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्य सहितको अवसर" भन्ने राष्ट्रिय नारा तय गरिएको छ।

नेपालले विगतदेखि अवलम्वन गर्दै आईरहेको संवैधानिक, कानूनी तथा संरचनात्मक व्यवस्था र सो को कार्यान्वयनको फलस्वरुप जननिर्वाचित निकाय, सरकारी सेवा, स्वास्थ्य, शिक्षा लगायत विविध क्षेत्रमा महिलाको पहुँच र सहभागिता उल्लेखनीय रुपमा बढ्दै गइरहेको छ। नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक प्रचलन गराउन साझा प्रयास र सामुहिक प्रतिवद्धताबाट महिला तथा बालिकाको हक हितको लागि क्षेत्रगत नीति कानून तथा कार्ययोजना निर्माण गरी तीनै तहमा सरकारका नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरणका साथै लैगिंक सवालहरु मूलप्रवाहीकरण गर्दै लैङ्गिक समानता कायम हुने कुरामा विश्वस्त छौ ।

अन्त्यमा, ११६औं अन्तर्राष्ट्रिय महिला दिवसको राष्ट्रिय नाराको अभीष्ट पुरा गर्न अभिप्रेरित गरोस साथै महिला अधिकारको अभियानले अहिले सम्म हाँसिल गरेका उपलब्धी र यसको वढोत्तरी सहितको दिगोपना कायम गर्न आजको दिनले व्यक्तिगत, पारिवारिक तथा सार्वजनिक जीवनमा महिलाहरुको गुणात्मक सहभागिताको सुनिश्चितता गर्दै सबैलाई महिलाको सुरक्षा, सम्मान र आर्थिक सामाजिक अवस्थामा आमूल परिवर्तन भई समृद्धिको बाटोमा अगाडि बढ्न प्रेरणा मिलोस् भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

मिति : २०८२/११/२४

२।११।२४

राधिका अर्याल

सचिव

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय